**सुदूरपश्चिम प्रदेश**
**मन्त्रिपरिषद बैठकको निर्णयहरु**
**प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- ३७/२०७५**
**मितिः- २०७५/१०/१५**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्या ३७/२०७५ को निर्णय उतार**
**देहायका प्रस्तावमा देहायमा लेखिए बमोजिम गर्ने;**

१. "कृषि औजार यन्त्र उपकरण अनुदान वितरण कार्यविधि, २०७५" लाई (स्वीकृत) गर्ने, विषयको भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ७/१३/११६-२०७५/१०/१० को प्रस्तावमा देहाय बमोजिम गर्ने-

(१) दफा ५ को उपदफा (३) को "………… आएका प्रस्ताव" भन्ने शब्दावली पछि "सहितका निवेदनहरू दर्ता गरी केही कागजात नपुग भएमा सो समेत माग गरी सम्पूर्ण कागजातहरू" भन्ने शब्दावली हटाउने ।

(२) दफा १४ हटाई त्यसपछिको दफाको क्रम मिलाउने" ।

२. "स्वरोजगारमूलक तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५" लाई स्वीकृति दिने विषयको भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ७/१४/११७-२०७५/१०/१० को प्रस्तावमा देहाय बमोजिम गर्ने-

दफा १८ को सट्टा देहायको दफा राख्ने-

प्रशिक्षार्थी छनौटः

(१) मन्त्रालयले अनूसुची ५ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।त्यस्तो सूचना सम्बन्धित कृषि ज्ञान केन्द्रले सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(२) तालिम लिन चाहने व्यक्तिले स्थानीय तहको सिफारिस सहित अनूसुची ६ बमोजिमको ढाँचामा सम्बन्धीत कृषि ज्ञान केन्द्रमा आवेदन बुझाउनु पर्नेछ ।

(३) कृषि ज्ञान केन्द्रले मन्त्रालयले तोकेको आधारमा प्रशिक्षार्थीहरूको छनौट गरी तालिम प्रदायक संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

३. "प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ६/९/११८/२०७५/१०/१३ को प्रस्तामा देहाय बमोजिम गर्ने-

(१) दफा २ को खण्ड को (ङ)"परिवर्तन ल्याउन" भन्ने शब्दावली पछि "सक्ने किसिमको प्रदेश सरकार वा प्रदेश" भन्ने शब्दावली हटाई "प्रचलित" भन्ने शब्दावली राख्ने ।

(२) दफा ६ को उपदफा (४) पछि देहायको उपदफा (५) राखी त्यसपछिको उपदफाको क्रम मिलाउने-
(५) "प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना वा परियोजना वा कार्यक्रमको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धि कार्य प्राथमिकतामा राखी सम्पन्न गर्नुपर्नेछ ।"

(३) दफा ९ को उपदफा (१) हटाई देहायको उपदफा (१) राख्ने-
(१) "प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परिक्षण अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रूपले गर्न गराउन वातावरण निरिक्षकको व्यवस्था गरिनेछ र त्यस्तो व्यवस्था नभएसम्मको लागि मन्त्रालयले सो सम्बन्धी कार्य गर्न कुनै अधिकारीलाई तोक्न सक्ने छ ।"

(४) दफा ९ को उपदफा (६) को "........... सजाय उपर चित्त" भन्ने शब्दावली पछि रहेको "नबुझनेले" भन्ने शब्दको सट्टा "नबुझने व्यक्तिले" भन्ने शब्दावली राख्ने ।

४. "सुदूरपश्चिम प्रदेशको राजधानी तोकिएको कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. २ र ४ स्थित GPS नक्सा बमोजिम ३०,०७,२३७ वर्गमिटर वन क्षेत्रको जग्गा प्राप्ति सम्बन्धी" मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/३५/११९/२०७५/१०/१७ को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने"